# नख्खु कारागार ललितपुरमा भएको अनियमितता सम्बन्धी उजुरी छानवीन प्रतिवेदन २०७७

ललितपुरस्थित नख्खु कारागारमा रहेका कैदिबन्दीहरुले पाउने नगद , जिन्सी, रासन लगायतका सेवा सुविधाहरुमा आर्थिक अनियमितता हुने गरेको भन्ने बारे मिति २०७७/०४/२५ गते यस केन्द्रमा दर्ता भएको उजुरी निवेदन सम्बन्धमा छानविन गर्न यसै केन्द्रको मिति २०७७/०७/२३ गतेको पत्र मार्फत प्र.ना.उ. श्री शिव कुमार पौड्यातल र शाखा अधिकृत श्री मेघ राज शंकर रहेको छानविन टोली गठन भएको। उक्त टोलीद्धाराललितपुरस्थित नख्खु कारागारको स्थलगत अनुगमन गरी विषयसँग सम्बन्धित कागजातको अध्ययन तथा सम्बन्धित कर्मचारी र कैदिबन्दीहरुसँग छलफल तथा अन्तरक्रिया गरी देहाय अनुसार प्रतिवेदन प्रस्तुत गरिएको छ।

**क) उजुरीको संक्षिप्त ब्यहोराः**

ललितपुरस्थित नख्खु कारागारमा रहेका कैदिबन्दीहरु मध्येका हालका चौकीदार शिव चौधरी उनि पछि हुनेवाला चौकीदार दिपक कर्ण र कैदी पवन यादव समेत जवान-३ र जेलर मोहन अधिकारीको मिलेमतोमा नख्खु जेलमा रहेका कैदीबन्दीहरुको हेरचाह तथा ब्यवस्थापनका लागि नेपाल सरकार र बिभिन्न संघसंस्थाबाट प्राप्त हुने नगद , जिन्सी, रासन लगायतमा कारागार कार्यालय नख्खुले मनोमानी गरी गुणस्तरहिन खाद्यन्न कैदिबन्दीलाई खुवाई चरम आर्थिक लाभ लिएको। कैदिबन्दीले कुखुराको मासु किनेर खादा प्रति के.जी रु. ६५०/- , एक जार पानीको रु.७० , कैदिबन्दीले प्रयोग गरेको फोनकलको प्रति मिनेट रु.१५ लिने गरेको, ढुङ्गा मिसिएको र कुहिएको चामल खुवाउने गरेको। बाहिर राखेको मूल्य सूचीमा भन्दा बढी पैसा लिएर सामान बेच्ने गरेको। जेल भित्र लागुऔषध समेत ब्यापार हुने गरेको। कारागार भित्रै जुवा -तास खेलाउने र मिटर ब्याजमा पैसा लगाउने समेत गतिविधी हुने गरेको। यसको लाभ कारागार कार्यालयका कर्मचारीलाई समेत पुग्ने गरेको भन्ने लगायतको ब्यहोरा उजुरीमा उल्लेख भएको छ।

**ख) उजुरी छानविन प्रक्रियाः**

उल्लिखित उजुरीका सम्बन्धमा छानविन टोलीले नख्खु कारागारको स्थलगत निरीक्षण गरी पहिलो चरणमा कारागार कार्यालय नख्खुसँग देहायको बिषयमा प्रतिक्रिया माग गरेको थियो।

१. कार्यालयबाट कैदी बन्दीहरुका लागि के कस्तो नगद तथा जिन्सी सुविधा उपलब्ध हुदै आएको छ, यथार्थ विवरण।

२. कैदी बन्दीहरुका लागि विभिन्न संघ संस्थाहरुद्धरा प्रदान गरिने आर्थिक तथा भौतिक सहयोग वितरणको प्रक्रिया।
३. कैदिबन्दीले कारागार भित्रबाट मासु , पानी लागायतका खाने कुरा मगाउदा के कस्तो प्रक्रियाबाट उपलब्ध गराइन्छ सो को विवरण।
४. कैदिबन्दीहरुले दैनिकरुपमा खाने गरेको चामलामा ढुङ्गा मिसिएको , कुहिएको हुने गरेको र बाहिर मूल्य सूचिमा राखेको भन्दा कैदिबन्दीसँग दोब्बर मूल्य उठाउने गरेको भन्ने बिषयमा कार्यालयको प्रतिक्रिया
५. चौकीदार शिव चौधरी र हुनेवाला चौकिदार भनिएका दिपक कर्ण र कैदी पवन यादव पालैपालो बिरामी भएको बहाना गरी जेलरको मिलेमतोमा उपचारको नाममा बाहिर गएर लागुऔषधजन्य सामग्री कारागार भित्र भित्र्याउने गरेको भन्ने बिषयमा यथार्थ विवरण।
६. कारागार प्रशासनका कर्मचारीहरुको मिलेमतोमा कारागार भित्र जुवातास खेलाउने र मिटर ब्याजमा रकम लगानी गर्ने र सो को लाभ चौकिदार लगायत कर्मचारी समेत ले लिने गरेको भन्ने उजुरीका बारेमा यथार्थ विवरण।
७. कारागारको आन्तरिक प्रशासनका लागि के कस्तो प्रक्रियाबाट चौकिदार छनौट गरिन्छ सो को जानकारी।

प्रस्तुत विषयका सम्बन्धमा कारागार कार्यालय नख्खुको प्रतिक्रिया देहाय बमोजिम उपलब्ध भएको छ।

**देहायः**

- ✓ कार्यालयले नियमानुसार प्रति दिन प्रति बन्दीलाई रु.६० नगद र ७०० ग्राम चामल दैनिक सिदाको रुपमा उपलब्ध गराउदै आएको। कैदिबन्दी संख्याको आधारमा निकासा भएको बजेटबाट जाडो र गर्मीयामको कपडाको लागि नगदै उपलब्ध गराउने गरिएको। हरेक वर्ष दशै खर्च रु. ३००/- का दरले र २ बर्षको एक पटक पाउने गरी हरेक बन्दीलाई सिरक डसना उपलब्ध गराउने गरेको।
- ✓ उक्त कारागारमा संघ संस्थाबाट कैदिबन्दीका लागि भनेर कुनै आर्थिक तथा भौतिक सहयोग उपलब्ध नभएको। कारागार भित्र सञ्चालित पसलहरुमा मूल्य सूची राखिएको र नियमित रुपले अपडेट गर्ने गरिएको। कारागार प्रमुखको नेतृत्वमा कारागार हाता भित्र नियमित अनुगमन हुने गरेकोले उजुरीमा उठाएको बिषय सत्य नभएको।
- ✓ कारागारमा रहेका बन्दीहरुले दैनिकरुपमा खाने चामल सरकारी संस्थान खाद्य संस्थान तथा व्यापार कम्पनी लिमिटेडबाट सरकारी दररेटमा गुणस्तर प्रमाणित गरेर ल्याइने गरिएको।
- ✓ चौविसै घण्टा सुरक्षा निगरानी हुने भएकोले जुवातास खेल्ने , लागुऔषध कारोवार गर्नेलगायतका कार्य कारागार भित्र भएको छैन।

- ✓ कारागारमा रहेका बिभिन्न अपराधमा कैद भुक्तान गरिरहेका कैदिबन्दी , मानसिक बिरामी लगायतका बन्दीहरुलाई ब्यवस्थापन गर्न सक्ने क्षमतावान , असल चालचलन भएका, ५०% कैद भुक्तान भइसकेका र यस भन्दा अगाडी चौकिदार नभएका कैदिबन्दीहरु मध्येबाट छनौट गरी प्रमुख जिल्ला अधिकारीको सिफारिस सहित कारागार ब्यवस्थापन बिभागमा पठाएर स्वीकृत भई आएपछि चौकिदार नियुक्ति गर्ने प्रतिक्रिया रहेको।

नख्खु कारागार कार्यालयको उल्लिखित प्रतिक्रियालाई समेत आधार मान्दै छानविन टोलीले कारागार निरीक्षण, कैदीबन्दीसँग सोधपुछ , कैद भुक्तान गरी छुटेका व्यक्तिहरुसँग सोधपुछ गरी उजुरीसँग सम्बन्धित अन्य प्रमाण तथा तथ्यहरु समेत संकलन गरेको छ।

**ग) उजुरीसँग पेश भएका सम्बन्धित प्रमाण तथा तथ्यः**

**१)कार्यालयका कर्मचारी तथा कारागारका कैदिबन्दीहरुसँगको छलफल, अन्तर्क्रिया तथा सोधपुछबाट प्राप्त तथ्य प्रमाण।**

छानविन टोलीले स्थलगत अनुमगनको क्रममा कारागार कार्यालय नख्खुका कर्मचारी र कारागार भित्रका कैदिबन्दीहरुसँग सोधपुछ , छलफल तथा अन्तर्क्रिया गरेको थियो।कारागार भित्रको अनुगमनको क्रममा कैदिबन्दीहरुसँग सोधपुछ गर्दा कारागारको व्यवस्थापन ठिकै रहेको भन्ने प्रतिक्रिया प्राप्त भयो।कारागार भित्र मासु पसल र किराना पसल संचालन रहेको देखियो।बन्दीका लागि साझा भान्सा(मेस) बाहेक पैसा तिरेर खानेहरुका लागि छुट्टै क्याण्टिन समेत संचालन भएको पाइयो।उक्त क्याण्टिनले बिहान बेलुका खानाको लागि मासिक रु.२५००/- लिने गरेको पाइयो।साथै पैसा तिरेर खानेहरुका लागि खाजा र चिया समेत बेच्ने गरेको पाइयो।
कारागार भित्रकेहि कैदीबन्दीहरुले गलैंचा बुन्ने , कपाल काट्ने, फर्निचर बनाउने लगायतका काम गरेको र सो को लागि मेसिन र ज्याला बाहिरबाट सम्बन्धित कम्पनीले दिने गरेको पाइएको छ।साथै केहि बन्दीहरु रुमाल बुन्ने , चित्र बनाउने लगायतका उद्यमशील कार्यमा संलग्न भएको पाइएको छ। कारागार हाता भित्र रहेको क्याण्टिनको सम्बन्धमा बन्दीहरुसँग सोधपुछ गर्दा सार्वजनिक रुपमा टाँसेको मूल्य सूचीकै आधारमा खाजा तथा खाना किन्न पाइने गरेको कुरा सुनाएका छन्।

**२)छुटेका बन्दी तथा आफन्तहरुसँगको छलफल तथा अन्तर्क्रियाबाट प्राप्त तथ्य प्रमाणहरुः**

हालै उक्त कारागारबाट छुटेका कैदी तथा परिवारका सदस्यहरुसँग छलफल गर्दा कारागारमा चौकिदार र नाइकेले मनोमानी गर्ने गरेको।आफन्तहरुले कैदिबन्दीहरुका लागि भनेर दिएको पैसा समेत उसैले राखेर थोरै थोरै खटाएर दिने गरेको र छुट्न लागेका बन्दीहरुको त्यसरी राखेको पैंसा समेत फिर्ता नदिने गरेको बताएका छन्।साथै कागरागार भित्र बाजी थापेर खेलिने खेल

(जसलाई भित्रको भाषामा हड्डि खेलाउने भनिएको) खेलाउने गरेको र जिन्नेनहरुबाट बीस प्रतिशत कटाएर नाइकेले नै राख्ने ि गरेको। यसरी खेलाउने खेल बाहिरको निगरानीले नदेख्नेख र सिसिटिभी क्यामेराले समेत नदेख्ने ठाउँमा खेलाउने गरेको बताएका छन्। भित्र राखेका पसलहरुबाट महंगो मुल्यमा सामान बेच्ने गरेको र कसैले बिरोध गर्योन भने धम्क्याउने र कुटपिट समेत गर्ने गरेको बताएका छन्। कारागार भित्रको ब्यवस्थापनको लागि मुल नाइके , हस्पिटल नाइके , शिक्षक नाइके, रमन नाइके, मुलगेट नाइके र ठुलो बैदार गरी जिम्मेवारी बाँडफाँड हुने गरेको। कानूनले तोकेको नाइके शिव चौधरी हुन् तर यस भन्दा अघि नाइके भइसकेका ओमराज मगरले नै सबै काम गर्ने गरेको। प्रशासनिक कामका लागि समेत उनि नै कार्यालय प्रशासन समेत आउने जाने गरेका छन। जेल भित्र कतिपय राजनीतिक पृष्ठभूमी भएका बन्दीहरु पनि छन्। नाइके र चौकिदारले उनिहरुसँग राम्रो सम्बन्ध बनाउने गरेकोले चौकिदारले गरेको अनियमितताको बारेमाराजनीतिक पृष्ठभूमीका बन्दीले कुनै चासो राख्दै न्। त्यसैले चौकिदार र नाइकेले सर्वसाधारण बन्दीलाई शोषण गर्ने गरेको बताएका छन्।

**घ) उजुरी सम्बन्धमा संकलन गरिएका कागजातहरुको विवरणः**

- कारागार कार्यालय नख्खु को च.नं. १८७३ मिति २०७७/०८/१२ को पत्र द्वारा प्राप्त विवरण।
- कारागार भित्र संचालित क्याण्टिन/स्पेशल भान्सामा टाँस गरेको मूल्य सूचीको फोटो प्रिण्ट पाना-३
- सोहि ठाउँमा संचालित मासु पसलको मूल्य सूचि विवरण पाना १
- कारागार कार्यालय नख्खु को आ.ब २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रतिलिपी पाना-१

**ङ) उजुरीसँग सम्बन्धित तथ्य तथा प्रमाणहरुको सुक्षम अध्ययनः**

कारागार कार्यालय नख्खुको वार्षिक कार्यक्रम अनुसार बिनियोजित बजेट कर्मचारीको तलब तथा अन्य ब्यवस्थापनको लागि खर्च भएको देखिन्छ। बिनियोजित बजेटबाट नै अनियमितता भएको तथ्यगत आधार देखिदैन। उजुरीकर्ताले उजुरी निवेदनमा उल्लिखित विवरण कै सम्बन्धमा चौकिदारको जिम्मेवारी तथा खाद्यान्नको गुणस्तरको बारेमा कारागार कार्यलयले अध्ययन टोलीलाई उपलब्ध गराएको विवरणका आधारमा नियम तथा कार्यविधी अनुसार बिश्वासनीय छैन भन्ने यथेष्ट आधार देखिदैन। यद्यपि, कारागारको आन्तरिक ब्यवस्थापन कार्यालयको नियमित प्रशासनिक कार्य भन्दा फरक प्रकृतिको भएकोले उजुरी निवेदनमा उठाएका बिषयहरु पूर्ण रुपले असत्य छन् भन्न सकिदैन।

कैदिहरुले कार्यालयले प्रदान गरेको सिदा भन्दा अतिरिक्त खाना तथा सामानहरु आफैले किन्नु परेको अवस्थामा वा अन्य सेवा लिनु परेको अवस्थामा उनिहरुले कारागारको आन्तरिक ब्यवस्थापनका ब्याक्तिलाई नै अनुरोध गर्नु पर्ने अवस्था रहेको र सो ब्यवस्था गरिदिए वापत आन्तरिक प्रशासनमा खटनपटन गर्ने चौकिदार, नाइके तथा सहनाइके लगायतले अतिरिक्त फाइदा लिन सक्ने कुरालाई नजरअन्दाज गर्न सकिदैन। कारागार भित्र संचालित मासु पसलमा प्रचलित मूल्य भन्दा बढी मूल्यमा बेच्ने गरेको सम्बन्धमा मासु पसल अगाडि टाँसिएको मूल्य सूची हेर्दा कुखुराको मासु प्रति के.जी रु.४०० , बंगुर रु. ५१० राँगाको मासु रु. ५१० उल्लेख छ जुन प्रचलितबजार मूल्य भन्दा केहि बढि भएको देखिएता पनि उजुरी निवेदनमा उल्लेख भए अनुसारको मूल्य राखेको देखिएन। कारागार भित्र तासजुवा लगायतका पैसा बाजी राखेर खेलिने खेल खेलाउने गरेको बिषयमा कैदिबन्दीसँग सोधपुछ गर्दा त्यस्तो नभएको भन्ने जानकारी प्राप्त भएको छ। जेलबाट छुटेका कैदीहरुको भनाईलाई समेत आधार मान्ने हो भने करिब पन्ध्र सयको हाराहारीमा रहेका कैदिबन्दीहरु बीचमा यस प्रकारका लेनदेनका गतिबिधी नहोला भन्न सकिन्न।

अनुगमन गर्दाका बखत झण्डै सोह्र सयको हाराहारीमा कैदीबन्दी रहेको कारागार भित्र संचालित क्याण्टिन तथा पसलहरुबाट दैनिक हजारौंको कारोबार हुने देखिन्छ। कैदीबन्दीकै हैसियतमा कारागार भित्रै भएको ब्याक्तिले ब्यावसाय संचालन गर्दा अपनाइनु पर्ने कानूनी प्रक्रियाको बारेमा भने प्रष्ट हुन आवश्यक देखिन्छ। प्राय अधिकांश कारागारमा चौकिदार र नाइके बन्नको लागि निकै ठुलो प्रतिश्पर्धा र चलखेल हुने गरेको समाचार बिभिन्न संचार माध्यममा पनि आउने गरेको कुरालाई समेत मध्य नजर गर्दा कारागार नियमावली , २०२० को ब्यवस्थाले प्रदान गरेको सुविधाका अतिरिक्त चौकिदार, नाइके र सहनाइके भएवापत अन्य आर्थिक लाभ लिनका लागि कारागार भित्र हुने ब्यापार-ब्यावसाय लगायतका गतिबिधिलाई माध्यम बनाउन सक्ने कुरालाई समेत ध्यान दिनु जरुरी देखिन्छ।

## च) सुझाव तथा निश्कर्षः

कारागार भित्रको आन्तरिक ब्यवस्थापन गरेवापत कैद भुक्तानीमा छुट हुने , अन्य बन्दीहरु भन्दा अतिरिक्त सुविधा समेत उपभोग गर्न पाउने भएकोले चौकिदार , नाइके र सहनाइके बन्नको लागि चलखेल हुन सक्ने कुरालाई नकार्न सक्ने अवस्था छैन। यसका साथै हजारौ कैदीहरुको ब्यवस्थापनको क्रममा आन्तरिक ब्यवस्थापनको जिम्मेवारी पाउनेहरुले निजी स्वार्थ तथा फाइदाको लागि बाहिरी प्रशासनलाई छलेर वा प्रभावमा पारेर अनियमित कार्य गर्न सक्ने अवस्थालाई समेत ख्याल गर्नु पर्ने जरुरी छ। उजुरी निवेदनमा उजुरीकर्ताको माग बमोजिम हालको चौकिदार र नाइकेलाई हटाएर अर्को नियुक्ति गर्ने भन्ने बिषय यस केन्द्रको क्षेत्राधिकार नभएकोले यस्तो कार्य

गर्नतत्काल संभव नभएता पनि कारागार प्रशासनको समग्र सुधारका कार्यहरु गर्न आवश्यक देखिएको छ। यस सम्बन्धी सुझावलाई देहाय अनुसार प्रस्तुत गरिएको छ।

- ✓ कारागार नियमावली, २०२० को नियम २४(१) बमोजिमको प्रक्रियाबाट चौकिदार, नाइके र सहनाइकेको नियुक्ति गर्दानिष्पक्ष र पारदर्शी तवरले गर्ने।
- ✓ कारागार ऐन, २०१९ को दफा ६ (२) बमोजिम फौजदारी मुद्दामा सजाय पाएका कैदीलाई आवश्यकता अनुसार एक्लै भिन्दै कोठामा राख् हुन्छ भन्ने ब्यवस्थालाई कडाइका साथ लागु गर्नु पर्ने। फौजदारी सजाय पाएका र सृङ्खलाबद्ध अपराधमा संलग्नहरुलाई छुट्टै ब्लकमा राखी सोहि बमोजिम ब्यवस्थापन गर्नु पर्ने।
- ✓ चौकिदार, नाइके र सहनाइके कैद भुक्तान गरी छुटिसके पनि उनिहरुको अभिलेख कारागार व्यबस्थापन सूचना प्रणाली (PMIS) मा कायम नै राखी दुई वर्ष सम्म सम्पत्ती बिवरण बुझाउनु पर्ने अनिवार्य ब्यवस्था गर्ने।
- ✓ कारागार भित्र समुह जमघट हुने सबै स्थानहरुमा सिसिटिभी क्यामेरा जडान गरी नियमनकार्यलाई थप प्रभावकारी बनाउने।
- ✓ कारागार भित्र क्याण्टिन तथा अन्य पसलहरु संचालन गर्न पारदर्शी बिधी अपनाउने।
- ✓ गम्भिर अपराधमा संलग्नहरुलाई छुट्टै जेलको ब्यवस्था गर्ने र उनिहरुलाई कारागार प्रशासनले नै उपलब्ध गराएको सुविधा मात्र उपलब्ध गराउने ब्यवस्था गर्ने। त्यस्ता कैदीहरुका लागि दैनिकरुपमा आफ्नै पैसाले किनेर खाने सुविधा उपलब्ध नगराउने। जसले गर्दा अपराध गरेर जेल भित्र बस्दा पनि धनीहरु सुविधासम्पन्न जिवन जिउने र गरिवहरुले मात्र कारागार प्रशासनले उपलब्ध गराएको सुविधा उपभोग गर्नु पर्ने अवस्थाको अन्त्य हुने छ।
- ✓ कारागार र कैदिबन्दीहरुको सम्बन्ध गरिवीसँग पनि जोडिएको बिषय हो। कारागारमा रहेका कतिपय कैदीहरु परिवारको एक मात्र कमाउने ब्याक्ति हुन सक्ने भएकोले उनिहरुलाई कारागार भित्रै उद्यमशील बनाई परिवारका लागि आयआर्जनको अवसर उपलब्ध गराउनु पर्ने।
- ✓ स्थानीय निकायहरुले कारागारबाट छुटेका कैदीहरुको अभिलेख राखी उनिहरुलाई उद्यमशीलता तालिम तथा सचेतानाका कार्यक्रममा सहभागी गराई व्यवसाय तथा रोजगारीका अवसरहरु प्रदान गर्न कार्यक्रम सञ्चाकलन गर्ने।

कारागारमा रहेका कैदिबन्दीको संख्या तथा अवस्थाले समग्र समाजको चरित्र समेत झल्काउने भएकोले कारागार ब्यवस्थापनलाई प्रभावकारी बनाउनु आजको आवश्यक हो। अपराध न्यूनिकरण तथा रोकथामका लागि कारागार सजाय पनि एउटा महत्वपूर्ण उपाय भएको कुरा सर्वस्वीकार्य नै

छ। मुलुकमा अपराधिक गतिविधि कायम नै रहेको हुदा कारागार ब्यवस्थापनको महत्व झनै बढ्दै गएको छ। नर्वे, स्वीडेन तथा डेनमार्क जस्ता देशहरुको जस्तो सुविधासम्पन्न कारागार ब्यवस्थापन नेपालमा अहिल्यै संभव छैन। तथापी , अपराध र अपराधीको वर्गीकरण गरी सिमित स्रोत साधनको समुचित परिचालनद्धाराकारागारको ब्यवस्थापन गर्दै समाजमा शान्ती सुरक्षा कायम गर्ने सवालमा ध्यान दिनु जरुरी छ। यही बिषयलाई मध्यनजर गर्दै उल्लिखित सुझावको कार्यन्वयनका लागि गृह मन्त्रालय र नख्खु कारागार कार्यालयमा पठाउन सान्दर्भिक हुनेछ।

## राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७७/१०/०९ को निर्णयः

नख्खु कारागारमा भएको अनियमितता सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेश गर्न गठित टोलीबाट पेश भएको छानविन प्रतिवेदनउपर छलफल गर्दा कालोबजारीलाई नियन्त्रण गर्नका लागि प्रत्येक आ.व. को शुरुमै कैदीवन्दीले प्रयोग/उपभोग गर्ने उपभोग्य वस्तु/मालसामानहरु आपूर्ति गर्नका लागि संरचनात्मक इकाई लिने गरीआपूर्तिकर्ताको प्रतिष्पर्धाका आधारमा छनौट गर्ने व्यवस्था मिलाउन कारागार व्यवस्थापन विभागलाई निर्देशन दिने तथा उजुरीमा उल्लेखित आरोपको तथ्य पुष्टी हुने आधार नदेखिएकाले फाइल तामेलीमा राखी लगत कट्टा गर्ने निर्णय गरियो।